# चौंथो बार्षिक अधिवेशन

## कुशल बैंक्वेट, बौद्ध, काठमाण्डौं

# क्याविनेट सेक्रेटरीको प्रतिवेदन

प्रश्तुत कर्ताः

**लायन बच्चुराम शर्मा कुईकेल**

(क्याविनेट सेक्रेटरी)

डिष्ट्रिक्ट ३२५ डि, एम डि ३२५, नेपाल

लायन बर्ष २०२५।२६

मितिः २०८२।०७।२९ (November 15, 2025)

लायन्स अन्तर्राष्ट्रिय डिष्ट्रिक्ट ३२५ डि को चौथो बार्षिक अधिवेशनको अध्यक्षता ग्रहण गरिरहनु भएका आदरणीय डिष्ट्रिक्ट गभर्नर लायन महेश आचार्य पिएमजेएफ ज्यू, प्रमुख अतिथिज्यू, अतिथिज्यूहरु, क्याविनेटका पदाधिकारीज्यूहरु, लायन साथिहरु, लियो भाई बहिनीहरु,

विश्व सम्पदा सूचीमा सूचीकृत ऐतिहासिक बौद्ध स्तूपको पवित्र प्राङ्गण नजिकै अवस्थित यस सुन्दर बैंक्वेटमा सम्पन्न हुन गइरहेको लायन्स अन्तर्राष्ट्रिय डिष्ट्रिक्ट ३२५ डी को ऐतिहासिक चौथो वार्षिक डिष्ट्रिक्ट अधिवेशनमा उपस्थित सम्पूर्ण महानुभावहरूलाई स्वागत गर्न पाउँदा म अत्यन्त गौरवान्वित महसुस गरिरहेको छु । लायन वर्ष २०२५/२६ का लागि मलाई डिष्ट्रिक्ट क्याबिनेट सेक्रेटरीको जिम्मेवारी बहन गर्ने अवसर प्रदान गरी मप्रति विश्वास गर्नुहुने हाम्रो आदरणीय डिष्ट्रिक्ट गभर्नर लायन महेश आचार्यज्यूप्रति म हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

हाम्रो साझा मूल मन्त्र We Serve लाई आत्मसात गर्दै लायन्स अन्तर्राष्ट्रिय डिष्ट्रिक्ट ३२५ डी को डिष्ट्रिक्ट क्याबिनेट सेक्रेटरीको रूपमा यो प्रतिवेदन प्रस्तुत गर्न पाउँदा तथा समस्त नेतृत्वबीच यस ऐतिहासिक अवसरको साक्षी बन्न पाउँदा मेरो लागि यो अत्यन्त गर्वको विषय बनेको छ । यस अवसरसम्म आइपुग्न मलाई निरन्तर साथ, सहयोग र हौसला प्रदान गर्नुहुने सम्पूर्ण लायन लिडरज्यूहरूप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु । साथै, आजको कार्यक्रमलाई सफल र स्मरणीय बनाउन उत्कृष्ट व्यवस्थापन गर्दै न्यानो आतिथ्यता प्रदान गर्नुहुने आयोजक तथा सह-आयोजक सम्पूर्ण टिमप्रति म हार्दिक आभारी छु ।

डिष्ट्रिक्टको थिम Exultant Lion तथा लायन्स इन्टरनेशनलको थिम Serve to Lead, Lead to Serve ले निर्देशित मार्गमा अघि बढ्दै हाम्रो डिष्ट्रिक्टले प्रभावकारी सेवाका गतिविधिहरू, नेतृत्व विकास कार्यक्रमहरू तथा व्यापक सामुदायिक सहभागितामार्फत उल्लेखनीय उपलब्धिहरू हासिल गर्न सफल भएको छ । विशेषगरी मानवीय सेवाका कार्यक्रमहरूमार्फत हाम्रो डिष्ट्रिक्टको गरिमा र पहिचानलाई अझ सुदृढ र अर्थपूर्ण बनाउन हामी सफल भएका छौं, जुन हाम्रो डिष्ट्रिक्ट गभर्नर लायन महेश आचार्यज्यूको दूरदर्शी तथा प्रभावशाली नेतृत्वका कारण सम्भव भएको हो ।

आज हामी नवीन प्रविधिको विकाससँगै उच्च प्रतिस्पर्धात्मक युगमा प्रवेश गरेका छौं । प्रविधिको तीव्र विकासले नयाँ अवसरसँगै चुनौतीहरू पनि सिर्जना गरेको छ । यस परिवेशमा सेवाप्रतिको सोचमा पनि नवीनता आएको छ र नयाँ-नयाँ योजना तथा परिकल्पनाहरू विकास भइरहेका छन् । त्यसैले लायन सदस्यहरू प्रविधिमैत्री हुनुका साथै सेवाका कार्यहरू मात्र नभई नेतृत्व क्षेत्रमा पनि उत्कृष्ट बन्न आवश्यक छ भन्ने मान्यताका साथ यस वर्षदेखि पुनः District Lions Leadership Institute (DLLI) को सुरुवात गरेका छौं । साथै, नेतृत्व विकासका कार्यक्रम हरुलाई संस्थागत रूप दिन “लायन्स नेतृत्व विकास प्रतिष्ठान” Lions Leadership Institute (LLI) गठन गर्ने घोषणा गरेका छौं । यसै लायन बर्ष भित्र कार्यविधि मश्यौदा गरी प्रस्ताव पेश गर्ने तयारी समेत गरेका छौं र यस कार्यक्रमले डिष्ट्रिक्टका भावी नेतृत्वलाई आधुनिक प्रविधिसँग अभ्यस्त गराउँदै नेतृत्व क्षमता अभिवृद्धि गर्न महत्वपूर्ण भूमिका खेल्नेछ भन्ने हामिले विश्वास लिएका छौं । साथै, यस वर्ष डिष्ट्रिक्ट गभर्नरको योजनासहित विस्तृत बुकलेट तथा कार्यक्रम क्यालेन्डर प्रकाशन गर्ने, वेबसाइटमार्फत सूचना अद्यावधिक गरी डिष्ट्रिक्टका सम्पूर्ण गतिविधिहरूलाई पारदर्शी रूपमा सम्प्रेषण गर्ने कार्यलाई निरन्तरता दिएका छौं । यसले डिष्ट्रिक्टको संस्थागत विकासमा महत्वपूर्ण योगदान पुर्याउनेछ भन्नेमा हामी विश्वस्त छौं ।

डिष्ट्रिक्ट क्याबिनेट सचिवको हैसियतमा कार्यसम्पादन गर्ने क्रममा मलाई निरन्तर मार्गदर्शन र सहयोग प्रदान गर्नुहुने डिष्ट्रिक्ट गभर्नरज्यू, भाइस डिष्ट्रिक्ट गभर्नरज्यूहरू तथा डिष्ट्रिक्टको गौरवशाली इतिहासका धरोहरका रुपमा रहनु भएका पाष्ट डिष्ट्रिक्ट गभर्नरज्यूहरूप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु । आगामी दिनहरूमा पनि यहाँहरूको निरन्तर साथ र सहयोग र मार्ग दर्शनको अपेक्षा गरेको छु । यसैगरी, मेरा हरेक कदममा साथ दिनुभई मेरो सफलताको मूल कारकको रुपमा रहनु भएका क्याबिनेट ट्रेजररज्यू, ग्याट टिमका साथीहरू, सम्पूर्ण क्याबिनेट अफिसर्सज्यूहरू, क्लब अफिसर्सज्यूहरू, लायन साथीहरू तथा लियो भाइबहिनीहरूप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

अन्त्यमा, WE SERVE को मूल मर्मलाई आत्मसात गर्दै मानवीय सेवाको यस विश्वव्यापी अभियानमा एउटा Exultant Lion को रुपमा म सधैं यहाँहरूको पदचाप पछ्याउँदै अघि बढ्नेछु भन्ने प्रतिबद्धता व्यक्त गर्दछु ।
धन्यवाद । जय लायनवाद ॥

**क्याविनेट पदाधिकारीहरुको घोषणाः**

डिष्ट्रिक्ट गभर्नर लायन महेश आचार्य पिएमजेएफज्यूले छिमेकी पार्टी प्यालेस जोरपाटीमा एक बिशेष समारोहको आयोजना गरि लायन बर्ष २०२५।२६ का लागि डिष्ट्रिक्ट क्याविनेट पदाधिकारीहरुको घोषणा गर्नु भएको थियो । डिष्ट्रिक्ट क्याविनेट पदिधिकारीहरुको घोषणाले लायन बर्ष २०२५।२६ मा डिष्ट्रिक्टको लक्ष्य प्राप्तिकोलागि सामुहिक पहल गर्ने गौरवान्वित टिमको गठन भएको छ । यो कार्यले आगामि बर्षलाई सफल बर्षको रुपमा परिभाषित गर्न मार्ग प्रशस्त गर्नेछ ।

**डिष्ट्रिक्ट क्याबिनेट पदाधिकारी प्रशिक्षण कार्यक्रमः**

लायन बर्ष २०२५।२६ का लागि डिष्ट्रिक्ट क्याविनेट पदाधिकारीको रुपमा मनोनित लायन लिडरज्यूहरुको लागि पर्यटकिय नगरी पोखरामा अवस्थित The Lakeside Retreat होटलमा मिति २०८२।०२।०२-०३ गते तदनुशार १६-१७ मे, २०२५ मा दुई दिने आवासीय क्याविनेट पदाधिकारीहरुको प्रशिक्षण कार्यक्रम आयोजना गरिएको थियो । कार्यक्रममा नव नियुक्त क्याविनेट पदाधिकारीरुको काम, कर्तव्य र अधिकारको बारेमा प्रशिक्षण दिइएको थियो । कार्यक्रममा लायन्स अन्तर्राष्ट्रियको मापदण्ड अनुसार प्रशिक्षकहरुले आवश्यक ज्ञान र सिप प्रदान गर्नुभएको थियो । यसका साथै डिष्ट्रिक्टको चिफ एरिया कोअर्डिनेटर, एरिया कोअर्डिनेटरहरु, रिजन चेयरपर्सनहरु तथा जोन चेयरपर्सनहरुलाई बिषयगत बिशेष प्रशिक्षण समेत दिइएको थियो ।

**चिफ एरिया प्लानिङ्ग मिटिङः**

लायन बर्ष २०२५।२६ का लागि चिफ एरिया कोअर्डिनेटरको भुमिकामा नियुक्त हुनु भएका लायन नरेश खड्का एमजेएफज्यूले मिति २०८२।०२।३१ गते शनिवार तदनुशार जुन १४, २०२५ का दिन लायन्स क्लब अफ काठमाण्डौंको सभाकक्षमा डिष्ट्रिक्टको योजना र कार्यक्रमको बिषयमा छलफल गर्न र लक्ष्य प्राप्तिकोलागि योजना तर्जुमा गर्न डिष्ट्रिक्ट गभर्नर्स टिम, ग्याट टिम, एरिया कोअर्डिनेटरहरु, रिजन चेयरपर्सनहरु तथा जोन चेयरपर्सनहरु सम्मिलित बैठक आयोजना गर्नु भएको थियो । कार्यक्रममा चिफ एरिया कोअर्डिनेटर ज्यूले डिष्ट्रिक्टको योजना तथा कार्यक्रम माथि प्रकाश पार्नुको साथै एरिया कोअर्डिनेटर ज्यूहरु लाई उहाँहरुले प्राप्त गर्नु भएको लक्ष्यको बारेमा जानकारी समेत गराउनु भएको थियो ।

**डिष्ट्रिक्ट गभर्नरको पदभार ग्रहणः**

मिति २०८२।०३।१७ गते मंगलवार तदनुसार जुलाई १, २०२५ का दिन लायन बर्ष २०२५।२६ का लागि नव निर्वाचित डिष्ट्रिक्ट गभर्नर लायन महेश आचार्य पिएमजेएफ ज्यूद्वारा एक बिशेष समारोहका बिच डिष्ट्रिक्ट गभर्नरको रुपमा पदभार ग्रहण गर्नु भयो । कार्यक्रममा निवर्तमान डिष्ट्रिक्ट गभर्नर लायन सुरेन्द्र प्रकाश बालायज्यूले नव निर्वाचित डिष्ट्रिक्ट गभर्नरज्यूलाई पदभार हस्तान्तरण गर्नु भएको थियो । सोहि समारोहमा निवर्तमान क्याविनेट सेक्रेटरी लायन राजेन्द्र दुलाल एमजेएफज्यूले नव नियुक्त क्याविनेट सेक्रेटरी लायन बच्चुराम शर्मा कुईकेललाई र निवर्तमान क्याविनेट ट्रेजरर लायन मन्दर शिखर बन्दोपाध्यायज्यूले नव नियुक्त क्याविनेट ट्रेजरर लायन जनार्दन तिमिल्सिनालाई पदभार हस्तान्तरण गर्नु भएको थियो । कार्यक्रममा डिष्ट्रिक्टका पिडिजी ज्यूहरु तथा डिष्ट्रिक्टका विभिन्न पदमा रहनुभएका लायन लिडरज्यूहरुको उल्लेख्य सहभागिता रहेको थियो ।

**डिष्ट्रिक्ट सेवा महिनाः**

लायन बर्ष शुरुवातको महिना जुलाई महिनालाई डिष्ट्रिक्ट गभर्नर सेवा महिनाको रुपमा विविध सेबाको कार्यक्रम गर्दै मनाउने परम्परालाई निरन्तरता दिँदै यस बर्ष पनि जुलाई १, २०२५ देखिनै बिभिन्न क्लबहरुले एकल वा संयुक्त रुपमा विविध सेवाको कार्यहरु गरि सेवा महिनालाई उल्लास पूर्ण तरिकाबाट मनाईयो । बिशेष गरि एरिया कोअर्डिनेटर ज्यूहरुले आ-आफ्नो एरिया अन्तर्गतका क्लबहरुको संयुक्त प्रयासबाट प्रत्येक दिन जस्तो कार्यक्रमहरु सम्पन्न गरिएको थियो । सेवा महिना अवधिमा एरिया ३ बाट महिनाको पहिलो १० दिन एरिया १ बाट महिनाको दोश्रो १० दिन र एरिया २ बाट महिनाको अन्तिम १० दिन सेवाका कार्यहरुको संयोजन गरिएको थियो । यसरी सेवा महिना मनाउँदै गर्दा लायन्स अन्तर्राष्ट्रियको गरिमा लाई समुदाय सम्म फैलाउनकोलागि कार्यक्रम सफल भएको छ ।

**क्लब पदाधिकारीहरुको प्रशिक्षण कार्यक्रमः**

लायन बर्ष २०२५।२६ का लागी नवनिर्वाचित क्लब पदाधिकारीहरुको लाई डिष्ट्रिक्टको योजना तथा कार्यक्रमको बिषयमा प्रकाश पार्दै क्लब पदाधिकारीहरुको काम कर्तव्य तथा अधिकारको बिषयमा जानकार गराउने उद्देश्यका साथ मिति २०८२।०३।२१ गते शनिवार तदनुशार जुलाई ५,२०२५ का दिन छिमेकी पार्टी प्यालेस जोरपाटीमा क्लब पदाधिकारी प्रशिक्षण कार्यक्रम आयोजना गरिएको थियो । कार्यक्रममा बिभिन्न क्लबका क्लब पदाधिकारीहरुको सक्रिय सहभागिता रहेको थियो । कार्यक्रममा डिष्ट्रिक्ट गभर्नर लायन महेश आचार्यज्यूले डिष्ट्रिक्टको योजना तथा कार्यक्रमको बारेमा प्रकाश पार्नु भएको थियो । यसका साथै लायन उत्तम प्रसाद झा एलसिआईपी, लायन रमेश कुमार लामा एफडिआई, लायन योगराज कंडेल शर्मा

एफडिआई ज्यूहरुले लायन्स अन्तर्राष्ट्रिय र अन्य विविध विषयमा प्रशिक्षण दिनु भएको थियो । यसैगरी लायन रत्न बहादुर श्रेष्ठ एफडिआई, लायन मन्दर शिखर बन्दोपाध्याय र लायन सुमन तिवारी ज्यूहरुले लायन पोर्टलको बिषयमा र लायन धर्म शरण श्रेष्ठ, लायन बच्चुराम शर्मा कुईकेल, लायन जनार्दन तिमिल्सिना ज्यूहरुले क्लब पदधिकारीहरुको भुमिका र जिम्मेवारीको बिषयमा प्रकाश पार्नुभएको थियो । कार्यक्रममा क्लब पदाधिकारीज्यूहरुले हासिल गर्नुभएको ज्ञान र सिपको प्रयोगबाट लायन बर्ष २०२५।२६ मा क्लब तथा डिष्ट्रिक्ट लाई सफल क्लब र डिष्ट्रिक्टको रुपमा परिभाषित गर्न प्रेरणा र उर्जा दिएको छ । समग्र कार्यक्रमको संयोजन जिएलटी डिट्रिक्ट कोअर्डिनेटर लायन राजेन्द्र दुलालज्यूले गर्नु भएको थियो ।

**जोन, रिजन, एरिया कार्यशालाः**
डिष्ट्रिक्टले मिति २०८२ श्रावण ३ गते शनिवार तदनुसार जुलाई १९,२०२५ का दिन शंखरापुर नगरापालिका वडा नं. ३, जहरसिंपौवा स्थित जरसिंङ रिसोर्टमा जोन, रिजन, एरिया कार्यशाला सम्पन्न गरियो । चिफ एरिया कोअर्डिनेटर, एरिया कोअर्डिनेटरहरु, रिजन तथा जोन चेयरपर्सनहरुको सहभागिता रहेको कार्यक्रममा प्रशिक्षको रुपमा लायन उत्तम प्रसाद झा एलसिआईपी, लायन रमेश कुमार लामा एफडिआई, लायन योगराज कंडेल शर्मा एफडिआई, लायन धन प्रसाद लामिछाने एफडिआई, लायन रत्न बहादुर श्रेष्ठ एफडिआईज्यूहरुले विभिन्न विषयमा प्रशिक्षण दिनु भएको थियो । कार्यशालाले सहभागिहरुको वृत्ति बिकास तथा क्षमता अभिवृद्धिमा महत्वपुर्ण योगदान गरेको छ ।

**डिएलएलआइ कार्यक्रमः**
लायन्स अन्तर्राष्ट्रिय डिष्ट्रिक्ट ३२५ डि द्वारा लायन सदस्यहरुको नेतृत्व विकास तथा क्षमता अभिवृद्दिका लागि संस्थागत पहल गर्न डिएलएलआई कार्यक्रमको आयोजना गरियो । मिति २०८२।०४।१६-१७ गते तदनुशार अगष्ट १-२, २०२५ मा हिमालय दृष्य रिसोर्टमा आवासीय रुपमा आयोजित कार्यक्रममा डिष्ट्रिक्ट अन्तर्गतका विभिन्न क्लबबाट ४५ जना लायन सदस्यहरुको सहभागिता रहेको थियो । कार्यक्रममा प्रभावकारी र प्रतिस्पर्धात्मक सिकाईको गुणस्तर कायम राख्न सहभागि लायन साथिहरुलाई सगरमाथा, मकालु, गौरी शंकर र जुगल गरि ४ ग्रुपमा बिभाजन गरिएको थियो । जिएलटी डिष्ट्रिक्ट कोअर्डिनेटर लायन राजेन्द्र दुलाल एमजेएफज्यूको संयोजकत्वमा सम्पन्न कार्यक्रममा प्रमुख प्रशिक्षकको रुपमा मल्टिपल डिष्ट्रिक्ट जिएलटी कोअर्डिनेटर लायन उत्तम प्रसाद झा एलसिआइपी ज्यू रहनु भएको थियो भने अन्य प्रशिक्षकहरुमा लायन रविन्द्र बहादुर प्रधान एलसिआईपी, लायन रमेश कुमार लामा एफडिआई, लायन योगराज कंडेल शर्मा एफडिआई, लायन शुरेन्द्र जाकिबन्जार एफडिआई, लायन धन प्रसाद लामिछाने एफडिआई ज्यूहरु रहनु भएका थियो । कार्यक्रमा विभाजन गरिएको ग्रुपको सहजिकरणको लगि प्रमुख टिम कोअर्डिनेटरको रुपमा आईपिडिजी लायन सुरेन्द्र प्रकास वलाय रहनु भएको थियो । यसैगरि टिम व्यवस्थापनको लागि टिम लिडरको रुपमा लायन पाण्डव गुरुङ तथा लायन ठण्ठराज ठकुरी टिम शगरमाथा, लायन ठाकुर प्रसाद तिवारी तथा लायन नरेश खड्का टिम मकालु, लायन विश्वराज रिजाल तथा लायन सुमन तिवारी टिम गौरी शंकर र लायन दिपक चापागाई तथा लायन बच्चुराम शर्मा कुईकेल टिम जुगलमा रहनु भएको थियो ।

**नेपाल लायन दिवसः**
नेपालमा लयन्स अन्तर्राष्ट्रिय संस्थागत रुपमा भित्रिएको दिन अगष्ट ९ को दिनलाई नेपाल लायन दिवसको रुपमा मनाउने परम्परालाई निरन्तरता दिंदै यस बर्ष पनि डिष्ट्रिक्ट अन्तर्गतका क्लबहरुले विविध सेवाका कार्यक्रमहरु आयोजना गर्दै नेपाल लायन दिवस मनइएको थियो ।

**रक्तदान महायज्ञः**
मल्टिपल डिष्ट्रिक्टको गौरवको योजनाको रुपमा रहेको त्रिभुवन विश्वविद्यालय लायन्स रक्त संचार तथा अनुशन्धानकेन्द्र संचालनमा आएको एक बर्ष पुरा भएको अवसरमा मल्टिपल डिष्ट्रिक्टद्वारा एक डिष्ट्रिक्ट एक दिन, एक व्यक्ति एक दान, रक्तदान जीवन दान भन्ने मुल नाराका साथ आयोजित रक्तदान महायज्ञमा डिष्ट्रिक्ट ३२५ डि को पालो परेको दिन २०८२ भाद्र २ गते सोमवार ब्लड बैंक परिसरमा जम्मा भई रक्तदान कार्यक्रम सम्पन्न गरिएको थियो ।

**ट्रि गार्ड हस्तान्तरणः**
डिष्ट्रिक्ट ३२५ डि को आयोजना तथा लायन्स क्लब अफ काठमाण्डौं मनहराको संयोजनमा गोकर्णेश्वर नगरपालिका वडा नं. ४ माकलबारी स्थित बागमती करिडोर परिसरमा रहेको बोट बिरुवाको संरक्षण हेतु ५० वटा ट्रि गार्ड हस्तान्तरण गरियो । लायन बर्ष २०२४।२५ का मार्केटिङ्ग डिष्ट्रिक्ट कोअर्डिनेटर लायन पाण्डव गुरुङको संयोजनमा डिष्ट्रिक्टका विभिन्न क्लबहरुबाट आर्थिक संकलन गरि तयार परिएको ट्रि गार्डहरु मिति २०८२।०५।०६ गते शुक्रबार गोकर्णेश्वर नगरपालिका वडा नं. ४ का वडा अध्यक्ष श्री जयराम महत ज्यूको रोहवरमा हस्तान्तरण गरिएको थियो ।

**पिडिजि बैठकः**

डिष्ट्रिक्ट गभर्नर लायन महेश आचार्यज्यूले मिति २०८२।०५।११ गते बुधबार तदनुशार अगष्ट १७, २०२५ को दिन स्मार्ट महल, धुम्बाराहीमा पुर्व डिष्ट्रिक्ट गभर्नरज्यूहरुको बैठक आयोजना गर्नुभयो । बैठक डिष्ट्रिक्टले लिएको लक्ष्य प्राप्त गर्नकोलागि पूर्व डिष्ट्रिक्ट गभर्नरज्यूहरुको साथ र सहयोग तथा आवश्यक मार्ग निर्देशनको बिषयमा केन्द्रित रहेको थियो । पूर्व डिष्ट्रिक्ट गभर्नरज्यूहरुको लामो अनुभवबाट हासिल भएको ज्ञानलाई प्रयोग गर्दै आगामी दिनमा डिष्ट्रिक्टले आफ्नो लक्ष्य प्राप्ति गर्नुको सथै नयाँ उचाई लिनेछ भन्ने बैठकको निष्कर्श रहेको थियो ।

**मिसन १.५ शिखर सम्मेलनः**

लायन्स अन्तर्राष्ट्रियले लिएको मिसन १.५ को लक्ष्यलाई हासिल गर्न आवश्यक पुर्व तयारी तथा सदस्यता बृद्धि तथा क्लब बिस्तारको क्षेत्रमा कार्यगर्न प्रेरित गर्ने उद्देश्यले लायन्स अन्तर्राष्ट्रियले मिति जनु १९-२२, २०२५ मा श्रीलंकाको कोलम्बो सहरमा मा आयोजना गरिएको मिसन १.५ शिखर सम्मेलमा डिष्ट्रिक्टको प्रतिनिधित्व गर्दै डिष्ट्रिक्ट गभर्नर लायन महेश आचार्य पिएमजेएफ तथा लायन बर्ष २०२५।२६ को लागि सदस्यता बृद्धि र क्लब बिस्तारको क्षेत्रमा कार्य गर्नकोलागि नियुक्त हुनु भएका जिएमटी डिष्ट्रिक्ट कोअर्डिनेटर लायन दिपक चापागाई एमजेएफ र जिईटी डिष्ट्रिक्ट कोअर्डिनेटर लायन ठण्डराज ठकुरी ( राजन) एमजेएफ ज्यूले सहभागिता जनाउनु भएको थियो ।

**एलसिआईएफ सेमिनारः**

लायन्स अन्तर्राष्ट्रियको मुटुको रुपमा रहेको लायन्स क्लबस् अन्तर्राष्ट्रिय अक्षयकोष (Lions Clubs International Foundation) लाई अझ मजबुत बनाउन कोषमा योगदान गर्ने गराउनको लागि योजनाबद्ध रुपमा कर्या गर्ने र सो को लागि कार्य गर्न नियुक्त हुनु भएका एलसिआईएफ डिष्ट्रिक्ट कोअर्डिनेटर ज्यूहरुलाई प्रशिक्षित गराउन लायन्स अन्तर्राष्ट्रियद्वारा मिति २०८२।०२।२५-२७ तदनुसार जुन ८-१०, २०२५ का दिन काठमाण्डौं स्थित होटल हायातमा आवसिय रुपमा आयोजित एलसिआईएफ सेमिनारमा डिष्ट्रिक्ट गभर्नर लायन महेश आचार्य पिएमजेएफ र एलसिआईएफ डिष्ट्रिक्ट कोअर्डिनेटर लायन विश्वराज रिजाल एमजेएफको सहभागिता रहेको थियो ।

**गोकर्णेश्वर मन्दिर परिसर सरसफाई कार्यक्रमः**

कुशे औंशीको पावन अवसरमा गोकर्णेश्वर महादेव मन्दिर परिसरमा लाग्ने मेलाबाट भएको फोहोरा व्यवस्थापन गर्नको लागि लायन्स अन्तर्राष्ट्रिय डिष्ट्रिक्ट ३२५ डि द्वारा मिति २०८२।०५।०८ गते आईतवार तदनुशार अगष्ट २४, २०२५ का दिन गोकर्णेश्वर मन्दिर परिसर सरसफाई कार्यक्रम आयोजना गरियो । कार्यक्रममा डिष्ट्रिक्ट आइपिडिजी लायन सुरेन्द्र प्रकाश बालायज्यूको नेतृत्वमा डिष्ट्रिक्ट क्यविनेटका पदाधिकारीहरु र डिष्ट्रिक्ट अन्तर्गतका विभिन्न क्लबका प्रतिनिधिहरुको सक्रिय सहभागिता रहेको थियो ।

**क्यविनेट पदाधिकारीहरुको पदस्थापन तथा पहिलो नियमित क्याविनेट बैठक**ः

मिति २०८२ साल भाद्र महिना १४ गते शनिवार तदनुशार अगष्ट ३०, २०२५ का दिन गोकर्णेश्वर नगरपालिका वडा नं. ५ स्थित छिमेकी पार्टी प्यालेसमा समपन्न कार्यक्रममा प्रमुख अतिथि तथा पदस्थापन अधिकारीको रुपमा कन्स्टिच्यूसनल एरिया लिडर पिआईडी लायन बालकृष्ण बुर्लाकोटीज्यू ले डिष्ट्रिक्टका विभिन्न पदमा रहनु भएका लायन लिडरज्यूहरुलाई एकल तथा संयुक्त रुपमा पदस्थापित गर्नु भयो । कार्यक्रममा विशिष्ठ अतिथिको रुपमा कन्स्टिच्यूसनल एरिया लिडर पिआईडी लायन ईं सन्जय खेतानज्यू, विशेष अतिथिको रुपमा एलसिआईएफ एरिया लिडर आइडिई लायन राजन लम्सालज्यू, जिएटी एरिया लिडर लायन शम्भु प्रसाद घिमिरेज्यू, मल्टिपल डिष्ट्रिक्ट काउन्सिल चेयरपर्सन लायन मिलन थापाज्यू लगायत मल्टिपल डिष्ट्रिक्ट र डिष्ट्रिक्टका लायन लिडरज्यूहरुको गरिमामय सहभागिता रहेको थियो । कार्यक्रम एरिया १ का एरिया कोअर्डिनेटर लायन भोलानाथ चौलागाईको संयोजकत्वमा एरिया १ अन्तर्गतका १८ वट क्लबहरुले संयुक्त रुपमा आयोजना गर्नुभएको थियो ।

**राष्ट्र पुननिर्माण अभियानमा सहकार्यः**

२०८२ साल भाद्र २३ र २४ गते भएको जेन जी आन्दोलनको क्रममा भएको आगजनी र तोडफोडबाट देशले अकल्पनीय क्षति व्यहोर्नु पऱ्यो । कयौं निर्दोष सर्वसाधारण हरुले ज्यान गुमाए भने कयौं मानिसहरु गम्भिर घाइते भएका थिए । प्रहरी वृत्त तथा प्रहरी पोष्टहरु आगजनी र तोडफोडबाट ध्वस्त भई अहोरात्र समुदायको सुरक्षामा खटिने प्रहरीहरु विस्थापित भएका थिए । प्रहरीहरुको मनोवल गुम्न पुगेको थियो र यसबाट समुदायको शान्ति सुरक्षामा गम्भिर संकट आई पऱ्यो । यस बिषम परिस्थितिमा आन्दोलमा भएको अपुरणीय क्षतिबाट देशलाई माथि उकास्न लायन्स अन्तर्राष्ट्रियले समेत उल्लेखनिय भुमिका

खेल्नुपर्छ भन्ने अभिप्रायले लायन्स अन्तर्राष्ट्रिय डिष्ट्रिक्ट ३२५ डि द्वारा मातहतका लायन्स क्लबहरु र लायन सदस्यहरुलाई "राष्ट्र पुननिर्मण अभियानमा सहकार्य" भन्ने नाराकासाथ पुनःर्निमाणमा जुट्न आह्वान गरिएको थियो । सोहि बमोजिम पुनर्निमाण अभियानको लागि लायन्स अन्तर्राष्ट्रिय डिष्ट्रिक्ट ३२५ डि अन्तर्गतका लायन्स क्लबहरु तथा लायन सदस्यहरुबाट स्वतःस्फुर्त रुपमा अर्थिक सहयोग संकलन गरी संकलित रकमबाट समुदायमा शान्ति सुरक्षा कायम गर्न खटिने प्रहरीहरुको मनोवल उच्च पार्दै समुदायमा शान्ति सुरक्षाको प्रत्याभुती गराउन प्रहरी वृत्त तथा प्रहरी पोष्टको पुनर्निमाणलाई प्रथमिकतामा राखी कार्य अगाडी बढाउने निर्णय गरि शंकरापुर नगरपालिका, कागेश्वरी मनहरा नगरपालिका, गोकर्णेश्वर नगरपालिका, बुढानीलकण्ठ नगरपालिका र कठमाण्डौं महानरपालिकाका विभिन्न स्थानमा रहेका १८ प्रहरी कार्यालयहरुमा मिति २०८२।०६।१२ गते, मिति २०८२।०६।२८ गते, मिति २०८२।०६।३१ गते र मिति २०८२।०७।१६ गते चार चरणमा प्रहरी कार्यालयहरुबाट माग भए अनुशारका आवश्यक सामग्रीहरु हस्तान्तरण गरिएको थियो ।

**हस्तान्तरण गरिएको सामग्रीको विवरण देहाय बमोजिम रहेको छः**

१) कम्प्युटर सेट ४ थान, २) प्रिन्टर ३ थान, ३) फलामको बेन्च ३६ थान, ४) भित्ते घडी १८ थान, ५) प्लाष्टिकको कुर्सी १० थान, ६) अफिस टेवल १ थान, ७) म्याट १० मी., ८) ३ वटा ट्वाईलेट निर्माणको लागि आवश्यक सामग्री, ९) पानि ट्याङ्की १००० लि. ३ थान, १०) औषधि सहितको प्रथमिक उपचार बस्क (फलामको पाताबाट बनेको) ८ थान ।

**पिस पोस्टर कन्टेस्ट २०२५:**

लायन अन्तर्राष्ट्रियले हरेक बर्ष आयोजना गर्ने अन्तर्राष्ट्रिय स्तरको चित्रकला प्रतियोगिता (पिस पोस्टर कन्टेस्ट २०२५ कार्यक्रम) सम्पन्न गरेको छ । मिति २०८२।०७।२२ गते शनिवार विहान ११:०० बजे देखी आयोजना गरिएको कार्यक्रममा गोकर्णेश्वर नगरपालिका, काठमाण्डौं महानगरपालिका, र भक्तपुर नगरपालिकाको २९ वटा विध्यालयका ५८ जना विद्यार्थीहरुले प्रतिस्पर्धा गर्नुभएको थियो । ११ बर्ष देखि १३ बर्ष भित्र उमेर समुहका बालबालिकाहरुले मात्र भाग लिन पाउने प्रतियोगितामा मदन भण्डारी मेमोरियल विद्यालयमा अध्ययनरत विद्यार्थी आङ डोमा शेर्पाले प्रथम पुरस्कार रु. ७०००।-, लिबर्टी एकेडेमीमा अध्ययनरत विद्यार्थी नेहा कार्कीले द्वितिय पुरस्कार रु. ५०००।-, गोकर्णेश्वर लाईट एकेडेमीमा अध्ययनरत बिद्यार्थी आशिका थापाले तृतिय पुरस्कार रु. ३०००।- र सुसंस्कार एकेडेमीमा अध्ययनरत विद्यार्थी प्रस्ना राई र मदन भण्डारी मेमोरियल बिद्यालयमा अध्ययनरत विद्यार्थी रोनिक कटवालले सान्त्वना पुरस्कार रु. १०००।- नगद पुरस्कार प्रप्त गर्नु भएको थियो । प्रथम पुरस्कार प्राप्त गर्न सफल चित्रलाई आवश्यक प्रकृया पुरा गरि प्रतिस्पधाका लागि मल्टिपल डिष्ट्रिक्टमा पठाइएको व्यहोरा अनुरोध गर्दछु ।

**लियो डिष्ट्रिक्ट काउन्सिलको पदस्थापनः**

लायन्स अन्तर्राष्ट्रिय डिष्ट्रिक्ट ३२५ डि का गभर्नर लायन महेश आचार्य पिएमजेएफ ज्यूबाट मिति २०८२।०७।२२ गते शनिवारको दिन आयोजित एक बिषेश समारोहको विच लियो डिष्ट्रिक्ट काउन्सिलको पदस्थापन सम्पन्न भयो । गोकर्णेश्वर नगरपालिका वडा नं. ४ स्थित हिमाली घरमा सम्पन्न कार्यक्रममा उल्लेख्य मात्रामा डिष्ट्रिक्टका लायन लिडरज्यूहरु र लियो सदस्यहरुको उपस्थिति रहेको थियो ।

**जोन, रिजन र एरिया समिक्षा कार्यशालाः**

लायन्स अन्तर्राष्ट्रिय डिष्ट्रिक्ट ३२५ डि का जोन, रिजन र एरिया अन्तर्गत हाल सम्म सम्पन्न भएका गतिविधिहरुको समिक्षात्मक कार्यशाला सम्पन्न भएको छ । मिति २०८२।०७।२२ गते सम्पन्न कार्यक्रममा ३ मध्ये २ जना एरिया कोअर्डिनेरज्यूहरुको, ८ मध्ये ४ रिजन चेयरपर्सनज्यूहरुको र १६ मध्ये ९ जोन चेयरपर्सनज्यूहरुको सक्रिय सहभागिता रहेको थियो । कार्यक्रममा सहभागि एरिया, रिजन र जोन चेयरपर्सन ज्यूहरुले आ-आफ्नो एरिया, रिजन र जोनको उपलब्धि सहितको प्रतिवेदन पेश गर्नु भएको थियो ।

**पास्ट डिष्ट्रिक्ट गभर्नर्स् मिटिङः**

लायन्स अन्तर्राष्ट्रिय डिष्ट्रिक्ट ३२५ डिका पास्ट डिष्ट्रिक्ट गभर्नर्स्मिटिङ सम्पन्न भएको छ । पास्ट डिष्ट्रिक्ट गभनरज्यूहरु र डिष्ट्रिक्ट गभर्नर, प्रथम तथा द्वितिय भाइस डिष्ट्रिक्ट गभर्नरज्यूहरुको उपस्थितिमा मिति २०८२।०७।१९ गते बुधबार सिद्धार्थ कटेज, तीनकुने, काठमाण्डौंमा सम्पन्न मिटिङमा डिष्ट्रिक्टको प्रगति प्रतिवेदनमाथि छलफल गरी पास्ट डिष्ट्रिक्ट गभर्नरज्यूहरुबाट डिष्ट्रिक्टलाई आवश्यक सल्लाह सुझाव प्राप्त भयो । पास्ट डिष्ट्रिक्ट गभर्नरज्यूहरुको अनुभवबाट डिष्ट्रिक्टले प्राप्त गरेको सल्लाह सुझावबाट डिष्ट्रिक्टले लिएको लक्ष्य हासिल गर्न सहि मार्ग निर्देशन प्राप्त गरेको छ ।

**दोश्रो नियमित डिष्ट्रिक्ट क्याबिनेट बैठक:**

लायन्स अन्तर्राष्ट्रिय डिष्ट्रिक्ट ३२५ डि को दोश्रो नियमित डिष्ट्रिक्ट क्याविनेट मिटिङ डिष्ट्रिक्टको कार्य क्षेत्रभित्र पर्ने पुर्वी पहाडी जिल्ला संखुवासभाको सुन्दर नगरी खाँदबारी नगरपालिकाको सभाहलमा मिति २०८२।०७।२९ गते शनिवार तदनुसार नोभेम्वर १५, २०२५ मा सम्पन्न भएको थियो । लायन्स अन्तर्राष्ट्रिय डिष्ट्रिक्ट ३२५ डी का डिष्ट्रिक्ट गभर्नर लायन महेश आचार्यको अध्यक्षता, संखुवासभा जिल्ला समन्वय समिति सभापति सुमन शाक्यज्यूको प्रमुख आतिथ्यता र खाँदबरी नगरपालिका प्रमुख श्री महेश थपलियाज्यू तथा सर्लाही जिल्ला इश्वरपुर नगरपालिका प्रमुख मनोज आचार्यज्यूको बिशिष्ठ आतिथ्यतामा सम्पन्न कार्यक्रममा लायन्स अन्तर्राष्ट्रिय मल्टिपल डिष्ट्रिक्ट ३२५, नेपालका हङ्गर कोअर्डिनेटर लायन विश्वराम गोर्खाली, आइपिडिजी लायन सुरेन्द्र प्रकाश वालायज्यू मल्टिपल डिष्ट्रिक्ट हेयरीङ्ग एण्ड प्रिजर्भेसन चेयरपर्सन लायन उत्तम राज कायस्थ, पिएमसिसि लायन सुनिल भक्त श्रेष्ठ लगायत संखुवासभा जिल्लाका विभिन्न सरकारी तथा गैरसरकारी संघ संस्थाका प्रमुखहरु आतिथ्यता रहेको थियो । डिष्ट्रिक्टका १८० जना लायन लिडरज्यूहरुको उपस्थितिमा सम्पन्न कार्यक्रममा डष्ट्रिक्टका क्याविनेट सेक्रेटरीज्यू, ट्रेजररज्यू, क्याविनेट अफिसरज्यूहरुद्वारा आ-आफ्नो विधामा प्रस्तुत गर्नु भएको प्रतिवेदन तथा परियोजनाहरु उपर छलफल गरि सर्वसम्मत पारित गरिएको थियो ।

**Autism-Down Syndrome Wellness Awareness Program:**

लायन्स क्लब अफ काठमाण्डौं स्कील डेभलपमेण्टको सक्रियतामा लायन्स अन्तर्राष्ट्रिय डिष्ट्रिक्ट ३२५ डी द्वारा लायन्स अन्तर्राष्ट्रियद्वरा स्वीकृत भएको DCG Grant सहयोग बाट सामुदायीक बिद्यालमरुमा Autism-Down Syndrome Wellness Awareness Program आयोजना गरिएको थियो । अटिजम केयर नेपाल सोसाईटीको प्राविधिक सहयोगमा सम्पन्न कार्यक्रमको संयोजन लायन्स अन्तर्राष्ट्रिय डिष्ट्रिक्ट ३२५ डी का जोन चेयरपर्सन लायन रामेश राज अर्यालज्यूले गर्नु भएको थियो । कार्यक्रम देहाय बमोजिम सम्पन्न गरिएको थियो ।

| मिति | कार्यक्रम विवरण | कार्यक्रम सम्पन्न भएको स्थान |
|---|---|---|
| २०८२।०८।०३ | Opening Ceremony | छिमेकी पार्टी प्यालेस, जोरपाटी |
| २०८२।०८।०४ | Autism-Down Syndrome Wellness Awareness Program | ओखेनी मा.वि. |
| २०८२।०८।०५ | Autism-Down Syndrome Wellness Awareness Program | श्री देवी वालसुधार मा.वि. |
| २०८२।०८।०८ | Autism-Down Syndrome Wellness Awareness Program | श्री सहयोगी मा.वि. |
| २०८२।०८।०९ | Autism-Down Syndrome Wellness Awareness Program | चामुण्डा मा.वि. |
| २०८२।०८।१० | Autism-Down Syndrome Wellness Awareness Program | श्री बाल सुधार मा.वि. |
| २०८२।०८।१० | Autism-Down Syndrome Wellness Awareness Program | श्री नेपाल राष्ट्रिय मा.वि. |
| २०८२।०८।११ | Autism-Down Syndrome Wellness Awareness Program | श्री अरुणोदय मा.वि. |
| २०८२।०८।१९ | Autism-Down Syndrome Wellness Awareness Program | श्री धापासी मा.वि. |
| २०८२।०९।०४ | Autism-Down Syndrome Wellness Awareness Program | श्री नेपाल आदर्श मा.वि. |
| २०८२।०९।१४ | Closing Ceremony | छिमेकी पार्टी प्यालेस, जोरपाटी |

**LCIF Workshop:**यन्स अन्तर्राष्ट्रिय डिष्ट्रिक्ट ३२५ डी को आयोजनामा मिति २०८२।०८।२७ गते शनिवार तदनुसार डिसेम्वर १३, २०२५ का दिन LCIF Workshop कार्यक्रम सम्पन्न भएको छ । डिष्ट्रिक्ट गभर्नर लायन महेश आचार्यज्यूको अध्यक्षतामा सम्पन्न कार्यक्रमको प्रमुख अतिथिको रुपमा पिआईडी लायन बालकृष्ण बुर्लाकोटीज्यू, बिशिष्ठ अतिथिको रुपमा आईडी इन्डोर्सी एवम् एलसिआइएफ एरिया लिडर लायन राजन लम्सालज्यू, जिएटी एरिया लिडर लायन शम्भु प्रसाद घिमिरेज्यू र अतिथिहरुमा अइपिडिजी लायन सुरेन्द्र प्रकाश वालायज्यू, पिएमसिसि लायन शुनिल भक्त श्रेष्ठज्यू रहनु भएको थियो । कार्यक्रममा डिष्ट्रिक्टका पदाधिकारीहरु, क्याविनेट अफिसर तथा क्लब अफिसरज्यूहरुको उल्लेख्य सहभागिता रहेको थियो ।

**ISAME Forum:**

लायन्स अन्तर्राष्ट्रिय ISAME Constituional Area द्वारा भारतको अहमदावादमा मिति २०८२।०८।२९ देखि २०८२।०९।०३ तदनुसार डिसेम्वर १५-१८, २०२५ सम्म आयोजिना गरिएको ISAME Forum कार्यक्रममा डिष्ट्रिक्टको प्रतिनिधित्व गर्दै ९ जना लायन लिडरज्यूहरुको सहभागिता रहेको थियो । कार्यक्रममा डिष्ट्रिक्ट गभर्नर लायन महेश आचार्य, प्रथम भाईस डिष्ट्रिक्ट गभर्नर लायन योगराज कंडेल शर्मा, पिएमसिसी लायन सुनिल भक्त श्रेष्ठ, डिष्ट्रिक्ट क्याविनेट ट्रेजरर लायन जनार्दन तिमिल्सिना, जिएसटी डिष्ट्रिक्ट कोअर्डिनेटर लायन धन प्रसाद लामिछाने, एलसिआइएफ डिष्ट्रिक्ट कोअर्डिनेटर लायन विश्वराज

रिजाल, चिफ एरिया कोअर्डिनेटर लायन नरेश खड्का, डिष्ट्रिक्ट चिफ लायन सरोज धिताल र लायन्स क्लब अफ काठमाण्डौं आभुषणका संस्थापक अध्यक्ष लायन क्षितिज खनाल ज्यूहरुले सहभागिता जनाउनु भएको थियो ।

## Gst Conclave:

लायन्स अन्तर्राष्ट्रिय मल्टिपल डिष्ट्रिक्ट ३२५, नेपाल द्वारा मिति २०८२।०९।१९ गते शनिवार तदनुसार जनवरी ३, २०२६ मा बेष्ट वेष्टर्न होटल, गौशालमा संचालन गरिएको GST Conclave कार्यक्रममा यस डिष्ट्रिक्टको तर्फबाट प्रथम भईस डिष्ट्रिक्ट गभर्नर लायन योगराज कंडेल शर्माको सहभागिता रहेको थियो ।

**बृहत निःशुल्क स्वास्थ्य शिविरः**

श्री स्वस्थानी ब्रत कथाको अवसरमा शंकरापुर नगरपालिका स्थित शालिनदीमा लाग्ने एक महिने श्री माधव नारायण स्वस्थानी ब्रत तथा शालिनदी मेलामा सहभागि हुने सर्वसाधारणलाई पर्न सक्ने आकस्मिक स्वास्थ्य समस्याको प्राथमिक उपचार गर्ने मुल उद्देश्यले विगतका बर्षहरुमा झैं यस बर्ष पनि मिति २०८२।०९।१८ गते देखी २०८२।१०।१७ गते सम्म निःशुल्क स्वास्थ्य शिविर अयोजना गरिएको थियो । शंकरापुर नगरपालिका र श्री माधवनारायण स्वस्थानी ब्रत तथा शालिनदी सुधार समितिको स्थानीय सहयोग तथा पिपुल्स लाइफ केयर हस्पिटल प्रा.लि. को प्राविधिक सहयोगमा सम्पन्न कार्यक्रमबाट ४२८७ जना भन्दा बढी सर्व साधारणले सेवा लिनु भएको र ५५२ जना लायन स्वयंसेवीहरुले कार्यक्रममा सेवा प्रदान गर्नु भएको थियो । कार्यक्रमको संयोजन लायन्स अन्तर्राष्ट्रिय डिष्ट्रिक्ट ३२५ डी का जिएसटी डिष्ट्रिक्ट कोअर्डिनेटर लायन धन प्रसाद लामिछानेज्यूले गर्नु भएको थियो भने कार्यक्रमको आयोजकको रुपमा डिष्ट्रिक्ट ३२५ डी अन्तर्गतका ५२ वटा क्लबको सहभागिता रहेको थियो । कार्यक्रममा हरेक दिन २ वा ३ क्लबका पदाधिकारी तथा सदस्य साथिहरुले स्वयं सेवी रुपमा सेवा पुर्‍याउनु भएको थियो ।

## Regional Lions Leasership Isntitute (RLLI):

लायन्स अन्तर्राष्ट्रिय मल्टिपल डिष्ट्रिक्ट ३२५ द्वारा मिति २०८२।०९।२५-२७ गते तदनुसार जनवरी ९-११, २०२६ सम्म संचालन गरिएको Regional Lions Leadership Institute मा यस डिष्ट्रिक्टको तर्फबाट देहाय बमोजिमका लायन लिडरज्यूहरु सहभागी भई सफलता पुर्वक RLLI Graduate हुनु भएकोमा लायन लिडरज्यूहरुलाई हार्दिक बधाई ज्ञापन गर्दछु ।

| क्र.सं. | नाम | पद | क्लब |
|---|---|---|---|
| १ | लायन रमेश राज अर्याल | जोन चेयरपर्सन | लायन्स क्लब अफ काठमाण्डौं जोरपाटी |
| २ | लायन गोविन्द गौतम | जोन चेयरपर्सन | लायन्स क्लब अफ काठमाण्डौ |
| ३ | लायन मन कुमारी पुन | क्लब अध्यक्ष | लायन्स क्लब अफ काठमाण्डौं उद्यमशील |
| ४ | लायन विश्वराज नेपाल | क्लब अध्यक्ष | लायन्स क्लब अफ काठमाण्डौं मनहरा |
| ५ | लायन बिमल कुमार घिमिरे | क्लब अध्यक्ष | लायन्स क्लब अफ काठमाण्डौं ग्रिन भ्याली |
| ६ | लायन तारा गुरुङ | क्लब अध्यक्ष | लायन्स क्लब अफ काठमाण्डौं ग्रिन नेचर |
| ७ | लायन अमृता भुजेल | क्लब अध्यक्ष | लायन्स क्लब अफ काठमाण्डौं हल्पिङ्ग हर्टस् |

## DGE/VDGE Seminar:

लायन्स अन्तर्राष्ट्रिय डिष्ट्रिक्ट ३२५, नेपाल द्वारा मिति २०८२।०९।२५-२७, तदनुसार जनवरी ९-११, २०२६ सम्म संचालन गरिएको डिष्ट्रिक्ट गभर्नर इलेक्ट तथा प्रथम भाईस डिष्ट्रिक्ट गभर्नर इलेक्ट सेमिनारमा यस डिष्ट्रिक्टको तर्फबाट प्रथम भाईस डिष्ट्रिक्ट लायन योगराज कंडेल शर्माज्यू र द्वितिय भाईस डिष्ट्रिक्ट गभर्नर लायन धर्म शरण श्रेष्ठज्यूले सहभागित जनाउनु भएको थियो । कार्यक्रममा सहभागी भई प्रमाण पत्रबाट विभुषित हुनु भएकोमा लायन लिडरज्यूहरुलाई हार्दिक बधाई ज्ञापन गर्दछु ।

## Faculty Development Institute (FDI):

लायन्स अन्तर्राष्ट्रियद्वारा मिति २०८२।१०।०२ देखी २०८२।१०।०४ तदनुसार जनवरी १६-१८, २०२६ सम्म श्रीलंकाको कोलम्बोमा संचालन गरिएको Faculty Development Institute कार्यक्रममा यस डिष्ट्रिक्टको तर्फबाट जिएलटी डिष्ट्रिक्ट कोअर्डिनेटर **लायन राजेन्द्र दुलालज्यू र लियो लायन डा. सुभम कुमार अग्रवाल**ज्यूले सहभागिता जनाउनु भएको थियो । कार्यक्रममा सहभागि भई सफलता पुर्वक FDI Graduate हुनु भएकोमा हार्दिक बधाई ज्ञापन गर्दछु ।

## GAT Conclave:

लायन्स अन्तर्राष्ट्रिय मल्टिपल डिष्ट्रिक्ट, नेपालद्वारा काभ्रपलाञ्चोक जिल्लाको धुलीखेलमा मिति २०८२।१०।८-९ तदनुसार जनवरी २२-२३, २०२६ मा संचालन गरिएको GAT Conclave कार्यक्रममा डिष्ट्रिक्टको तर्फबाट डिष्ट्रिक्ट गभर्नर **लायन**

**महेश आचार्य**ज्यू, प्रथम भाईस डिष्ट्रिक्ट गभर्नर **लायन योगराज कंडेल शर्मा**ज्यू, द्वितिय भाईस डिष्ट्रिक्ट गभर्नर **लायन धर्म शरण श्रेष्ठ**ज्यू, डिष्ट्रिक्ट क्याविनेट ट्रेजरर **लायन जनार्दन तिमिल्सिना**ज्यू, जिएलटी डिष्ट्रिक्ट कोअर्डिनेटर **लायन राजेन्द्र दुलाल**ज्यू, जिएमटी डिष्ट्रिक्ट कोअर्डिनेटर **लायन दिपक चापागाई**ज्यू, जिइटी डिष्ट्रिक्ट कोअर्डिनेटर **लायन ठण्डराज ढकुरी**ज्यू र चिफ एरिया कोअर्डिनेटर **लायन नरेश खड्का**ज्यूको सहभागिता रहेको थियो ।

## International President Meets District Governors of ISAME:

लायन्स अन्तर्राष्ट्रियद्वारा भारतको कोलकाता स्थित टाज सिटि सेन्टरमा मिति २०८२।१०।१३ र १४ गते तदनुसार जनवरी २७-२८, २०२६ मा आयोजित International President Meets District Governors of ISAME Program मा डिष्ट्रिक्ट ३२५ डी का **डिष्ट्रिक्ट गभर्नर लायन महेश आचार्य**ज्यूले सहभागिता जनाउनु भएको थियो ।

## Women Symposium:

अन्तर्राष्ट्रिय नरी दिवसको अवसरमा लायन्स अन्तर्राष्ट्रिय डिष्ट्रिक्ट ३२५ डी द्वारा Women Symposium कार्यक्रमको आयोजना गरियो । मिति २०८२।११।२४ गते आईतवार तदनुसार मार्च ८, २०२६ का दिन कुण्डलिनी दरवार, धुम्वाराही मा आयोजना गरिएको कार्यक्रमको प्रमुख अतिथ्यता मल्टिपल काउन्सिल चेयरपर्सन लायन मिलन थापाज्यूले गर्नु भएको थियो । फेमेली एण्ड ओमेन स्पेसियालीटी डिष्ट्रिक्ट कोअर्डिनेटर लायन गिटा अछामीज्यूको संयोजकत्वमा सम्पन्न कार्यक्रममा ममहिलाहरुको उल्लेख्य सहभागितारहेको थियो ।

## President Meet And Leadership Summit:

लायन्स अन्तर्राष्ट्रिय डिष्ट्रिक्छ ३२५ डीको आयोजनामा President Meet And Leadership Summit समपन्न भएको छ । मिति २०८२।११।३० गते शनिवार र २०८२।१२।०१ गते आईतवार गरि दुई दिन संचालन भएको कार्यक्रममा डिष्ट्रिक्टका बहु संख्यक क्लब अध्यक्षहरुको साथै डिष्ट्रिक्ट क्याविनेटका पदाधिकारी तथा सदस्यहरुको सहभागिता रहेको थियो ।

**पिडिजि बैठकको विवरणः**

| क्र.सं. | मिति | स्थान |
|---|---|---|
| १ | २०८२।०५।११, बुधबार | स्मार्ट महल, धुम्वाराही, काठमाण्डौं |
| २ | २०८२।०७।१९, बुधबार | सिद्धार्थ कटेज, तीनकुने, काठमाण्डौं |
| ३ | २०८२।१०।२२, विहीवार | स्मार्ट महल, धुम्वाराही, काठमाण्डौं |
| ४ | २०८३।०१।०३, विहीवार | सिद्धार्थ कटेज, तीनकुने |

**डिष्ट्रिक्टको हाल सम्मको उपलब्धिहरुः**

| १. सेवा सम्वन्धि तथ्यांङ्क | | डिष्ट्रिक्टको लक्ष्य | लक्ष्य प्राप्तिको औसत |
|---|---|---|---|
| जम्मा सेवाका कार्यक्रम संख्या | १४८४ | १५०० | ९८.९३% |
| जम्मा सेवा प्राप्त व्यक्ति संख्या | ३५७७१२ | ३७५००० | ९५.३८% |
| जम्मा सेवा घण्टा | ८२७५७ | १५०००० | ५५.१७ |
| लायन पोर्टलमा रिपोर्टिङ औसत | ७४% | ९०% | ८२.२२% |
| **२. सदस्यता सम्बन्धि तथ्यांङ्क** | | | |
| शुरुवाती सदस्य संख्या | १५१० | - | |
| थप गरिएको सदस्य संख्या | २८४ | ६५० | ४३.६९% |
| घटेको सदस्य संख्या | १३४ | - | |
| हालको सदस्य संख्या | १६६० | - | |
| घटे बढेको अबस्था | +१५० | +३५० | ४२.८६% |
| **३. क्लब सम्बन्धि तथ्यांङ्क** | | | |
| शुरुवाती क्लब संख्या | ६७ | - | |
| थप भएको क्लब संख्या | ६ | १५ | ४० % |
| घटेको क्लब संख्या | १ | - | |
| हालको क्लब संख्या | ७२ | - | |

**योगदान सम्बन्धि उपलब्धिहरुः**

**एलसिआईएफमा गरिएको योगदानहरुः**

| क्र.सं. | मिति | क्लबको नाम | दाताको नाम | योगदान रकम |
|---|---|---|---|---|
| १ | २०८२।०३।१७ | लायन्स क्लब अफ काठमाण्डौं बासुकी | लायन विश्वराज रिजान | $७५० |
| २ | २०८२।०३।१७ | लायन्स क्लब अफ काठमाण्डौं डाँफे | लायन मेघदत्त रिजाल | $२०५ |
| ३ | २०८२।०३।१७ | लायन्स क्लब अफ काठमाण्डौं डाँफे | लायन महेश आचार्य | $९६३ |
| ४ | २०८२।०३।१७ | लायन्स क्लब अफ काठमाण्डौं डाँफे | लायन भुवन चौलागाई | $१०० |
| ५ | २०८२।०३।१७ | लायन्स क्लब अफ काठमाण्डौं डाँफे | लायन भिमसेन खतिवडा | $२५० |
| ६ | २०८२।०३।१७ | लायन्स क्लब अफ काठमाण्डौं डाँफे | लायन केशव गौतम | $२५० |
| ७ | २०८२।०३।१७ | लायन्स क्लब अफ काठमाण्डौं शेयरीङ्ग हर्टस् | लायन अमृत कायस्थ | $२५० |
| ८ | २०८२।०३।१७ | लायन्स क्लब अफ काठमाण्डौं शेयरीङ्ग हर्टस् | लायन प्रदिप उदास | $२५० |
| ९ | २०८२।०३।२३ | लायन्स क्लब अफ काठमाण्डौं महाँकाल | लायन रत्न बहादुर श्रेष्ठ | $१०० |
| १० | २०८२।०३।२७ | लायन्स क्लब अफ काठमाण्डौं जोरपाटी | लायन माधव प्रसाद घिमिरे | $१००० |
| ११ | २०८२।०४।०९ | लायन्स क्लब अफ काठमाण्डौं हेल्पिङ्ग हर्टस् | लायन अमृता भुजेल | $१००० |
| १२ | २०८२।०४।२१ | लायन्स क्लब अफ काठमाण्डौं आकर्षण | लायन नितु जैन | $५०० |
| १३ | २०८२।०४।२२ | लायन्स क्लब अफ काठमाण्डौं मनहरा | लायन राजेन्द्र दुलाल | $५० |
| १४ | २०८२।०४।२८ | लायन्स क्लब अफ काठमाण्डौं आभुषण | लायन क्षितिज खनाल | $१००० |
| १५ | २०८२।०५।०९ | लायन्स क्लब अफ काठमाण्डौं मनहरा | लायन राजेन्द्र गजुरेल | $९६३ |
| १६ | २०८२।०५।११ | लायन्स क्लब अफ काठमाण्डौं मनहरा | लायन विनोद गजुरेल | $२५० |
| १७ | २०८२।०५।१२ | लायन्स क्लब अफ काठमाण्डौं मनहरा | लायन ऋषिकेश पुडासैन | $५० |
| १८ | २०८२।०५।१२ | लायन्स क्लब अफ काठमाण्डौं हेल्पिङ्ग हर्टस् | लायन गोपाल गुरुङ | $२० |
| १९ | २०८२।०८।१६ | लायन्स क्लब अफ काठमाण्डौं पध्मश्री | लायन भिम प्रसाद रोकाय | $५० |
| २० | २०८२।०८।१६ | लायन्स क्लब अफ काठमाण्डौं लालीगुराँस | लायन कमला सुतिहार | $१००० |
| २१ | २०८२।०८।१६ | लायन्स क्लब अफ काठमाण्डौं लालीगुराँस | लायन ज्योति चन्द्र शाक्य | $२०० |
| २२ | २०८२।०८।२४ | लायन्स क्लब अफ काठमाण्डौं लालीगुराँस | लायन अनिल मान महर्जन | $१००० |
| २३ | २०८२।०८।२४ | लायन्स क्लब अफ काठमाण्डौं पध्मश्री | लायन बाबुराम ढकाल | $५० |
| २४ | २०८२।०९।११ | लायन्स क्लब अफ काठमाण्डौं जोरपाटी | लायन रमेश राज अर्याल | $१००० |
| २५ | २०८२।०९।११ | लायन्स क्लब अफ काठमाण्डौं लालीगुराँस | लायन हिताया श्रेष्ठ | $१००० |
| २६ | २०८२।०९।११ | लायन्स क्लब अफ काठमाण्डौं हेल्पिङ्ग हर्टस् | लायन रोशन पन्त | $५० |
| २७ | २०८२।०९।११ | लायन्स क्लब अफ काठमाण्डौं हेल्पिङ्ग हर्टस् | लायन डोल्मा शेर्पा | $१०० |
| २८ | २०८२।०९।१३ | लायन्स क्लब अफ काठमाण्डौं इन्फिनिटी | लायन राज कुमार भण्डारी | $२०१ |
| २९ | २०८२।०९।३० | लायन्स क्लब अफ काठमाण्डौं जोरपाटी | लायन दिपक कुमार भण्डारी | $२०० |
| ३० | २०८२।०९।३० | लायन्स क्लब अफ काठमाण्डौं | लायन अपार खड्का कार्की | $२०० |
| | | **जम्मा** | | **$१३००२** |

**एलसिआइएफमा योगदान गर्न डिष्ट्रिक्टले लिएको लक्ष्य : $१८५००**
**हाल सम्म प्राप्त योगदान : $१३००२**
**प्राप्त उपलब्धिको औसत : ७०.२८%**

**एनएलएफ मा गरिएको योगदानहरु:**

| क्र.सं. | मिति | क्लबको नाम | दाताको नाम | योगदान रकम |
|---|---|---|---|---|
| १ | २०८२।०३।१७ | लायन्स क्लब अफ काठमाण्डौं | लायन नरेश खड्का | २५१०० |
| २ | २०८२।०३।१७ | लायन्स क्लब अफ काठमाण्डौं | लायन गोविन्द गौतम | ५१०० |
| ३ | २०८२।०३।१७ | लायन्स क्लब अफ काठमाण्डौं मनहरा | लायन श्याम प्रसाद रुपाखेती | १५००० |
| ४ | २०८०।०३।१८ | लायन्स क्लब अफ काठमाण्डौं | लायन विमला श्रेष्ठ | ५१०० |
| ५ | २०८२।०३।२९ | लायन्स क्लब अफ काठमाण्डौं डाँफे | लायन गोविन्द प्रसाद काफ्ले | ५००० |
| ६ | २०८२।०३।२९ | लायन्स क्लब अफ काठमाण्डौं डाँफे | लायन इश्वर निरौला | ५१०० |
| ७ | २०८२।०३।२९ | लायन्स क्लब अफ काठमाण्डौं डाँफे | लायन सागर नाथ दंगाल | ५१०० |
| ८ | २०८२।०३।२९ | लायन्स क्लब अफ काठमाण्डौं जोरपाटी | लायन रमेश राज अर्याल | २५१०० |

| | | | | |
|---|---|---|---|---|
| ९ | २०८२।०३।२९ | लायन्स क्लब अफ काठमाण्डौं | लायन श्याम बहादुर श्रेष्ठ | ५००० |
| १० | २०८२।०४।२२ | लायन्स क्लब अफ काठमाण्डौं ग्रिन नेचर | लायन तारा गुरुङ | ५१०० |
| ११ | २०८२।०४।२२ | लायन्स क्लब अफ टोखा काठमाण्डौं | लायन सानुबाबु श्रेष्ठ | ५१०० |
| १२ | २०८२।०४।२२ | लायन्स क्लब अफ काठमाण्डौं जोरपाटी | लायन दिपक चापागाई | ५१०० |
| १३ | २०८२।०४।२२ | लायन्स क्लब अफ काठमाण्डौं बागमती नर्थ | लायन मंगलदाश श्रेष्ठ | ५१०० |
| १४ | २०८२।०४।२२ | लायन्स क्लब अफ काठमाण्डौं ग्रिन नेचर | लायन चाँदनी गुरुङ | ५१०० |
| १५ | २०८२।०४।२२ | लायन्स क्लब अफ टोखा काठमाण्डौं | लायन रोशन श्रेष्ठ | ५१०० |
| १६ | २०८२।०४।२३ | लायन्स क्लब अफ काठमाण्डौं जोरपाटी | लायन माधव घिमिरे | २५१०० |
| १७ | २०८२।०४।२७ | लायन्स क्लब अफ काठमाण्डौं डाँफे | लायन बच्चुराम शर्मा कुईकेल | ५१०० |
| १८ | २०८२।०४।२७ | लायन्स क्लब अफ काठमाण्डौं डाँफे | लायन शारदा खड्का | ५१०० |
| १९ | २०८२।०४।२८ | लायन्स क्लब अफ काठमाण्डौं बागमती नर्थ | लायन श्याम कुमार श्रेष्ठ | ५१०० |
| २० | २०८२।०४।२८ | लायन्स क्लब अफ काठमाण्डौं मेल्भीन जोन्स | लायन अर्जुन शेरचन | ५१०० |
| २१ | २०८२।०४।२८ | लायन्स क्लब अफ काठमाण्डौं ग्रिन भ्याली (क्लब एनएलएफ) | | ५१०० |
| २२ | २०८२।०५।०४ | लायन्स क्लब अफ काठमाण्डौं कपन | लायन राधा बुढाथोकी | ५१०० |
| २३ | २०८२।०५।०४ | लायन्स क्लब अफ काठमाण्डौं लालीगुराँस (क्लब एनएलएफ) | | ५१०० |
| २४ | २०८२।०५।०९ | लायन्स क्लब अफ काठमाण्डौं ग्रिन भ्याली | लायन जानकी खड्का | ५१०० |
| २५ | २०८२।०५।०९ | लायन्स क्लब अफ काठमाण्डौं ग्रिन भ्याली | लायन सुजन मैनाली | ५१०० |
| २६ | २०८२।०५।०९ | लायन्स क्लब अफ काठमाण्डौं डाँफे | लायन महेश आचार्य | २५००० |
| २७ | २०८२।०५।१७ | लायन्स क्लब अफ काठमाण्डौं उद्यमशील | लायन प्रमिला तामाङ | ५१०० |
| २८ | २०८२।०५।१७ | लायन्स क्लब अफ काठमाण्डौं उद्यमशील | लायन कमला लम्साल | ५१०० |
| २९ | २०८२।०५।१७ | लायन्स क्लब अफ काठमाण्डौं उद्यमशील | लायन गौतमी पुन | ५१०० |
| ३० | २०८२।०५।१७ | लायन्स क्लब अफ काठमाण्डौं उद्यमशील | लायन एलिना लुईंटेल | ५१०० |
| ३१ | २०८२।०५।१७ | लायन्स क्लब अफ काठमाण्डौं उद्यमशील | लायन सोम डिमदोङ्ग | ५१०० |
| ३२ | २०८२।०५।१७ | लायन्स क्लब अफ काठमाण्डौं उद्यमशील | लायन सिता थापा भट्टराई | ५१०० |
| ३३ | २०८२।०७।१८ | लायन्स क्लब अफ काठमाण्डौं मनहरा | लायन राजेन्द्र दुलाल | ५००० |
| ३४ | २०८२।०७।१९ | लायन्स क्वल अफ काठमाण्डौं जोरपाटी | लायन दिपक सिंह भण्डारी | २५००० |
| ३५ | २०८२।०९।२५ | लायन्स क्लब अफ काठमाण्डौं | लायन पृथ्वी रमण थपलिया | ५१०० |
| ३६ | २०८२।०९।२५ | लायन्स क्लब अफ काठमाण्डौं | लायन बाबुराम हुमागाई | ५१०० |
| ३७ | २०८२।१०।२१ | लायन्स क्लब अफ काठमाण्डौं दर्पण | लायन रमेश पराजुली | ५१०० |
| **जम्मा** | | | | **३०८४००** |

**एनएलएफमा योगदान गर्न डिष्ट्रिक्टले लिएको लक्ष्य : रु. १०,००,०००।-**
**हाल सम्म प्राप्त योगदान : रु.३,०८,४००।-**
**प्राप्त उपलब्धिको औसत : ३०.८४%**

## एरिया रिजन जोन मिटिङ सम्बन्धि बिवरण:

### एरिया मिटिङ

| क्र.सं. | मिति | कार्यक्रम बिवरण | स्थान |
|---|---|---|---|
| **१** | २०८२।०५।११, बुधबार | चिफ एरिया प्लानिङ मिटिङ | लायन्स क्लब अफ काठमाण्डौंको सभाहल, मिनभवन |
| **२** | | एरिया १ प्लानिङ मिटिङ | |
| **३** | २० जुलाई | एरिया २ प्लानिङ मिटिङ | |
| **४** | २६ ज | एरिया ३ प्लानिङ मिटिङ | ओम शाही पार्टी प्यालेस, पुरानो बानेश्वर |

### जोन मिटिङ

| जोन | पहिलो जोन मिटिङ | दोश्रो जोन मिटिङ | तेश्रो जोन मिटिङ |
|---|---|---|---|
| **लायन, शुष्मा ढकाल खतिवडा, जोन १** | २०८२।०४।१० | २०८२।०७।१८ | २०८२।०९।२५ |
| **लायन प्रकाश महर्जन, जोन २** | २०८४।०४।२१ | २०८२।०७।१८ | २०८२।०९।२५ |

| | | | |
|---|---|---|---|
| लायन दिपा शर्मा गौतम, जोन ३ | २०८२।०४।२२ | २०८२।१०।१६ | २०८२।१०।१६ |
| लायन डिल्ली प्रसाद दुलाल, जोन ४ | २०८२।०४।३१ | २०८२।०७।२४ | २०८२।१०।२३ |
| लायन रमेश राज अर्याल, जोन ५ | २०८२।०४।२१ | २०८२।०७।१७ | २०८२।०९।२२ |
| लायन गोविन्द गौतम, जोन ६ | २०८२।०४।०९ | २०८२।०७।२२ | २०८२।०९।२० |
| लायन रोशन पन्त, जोन ७ | २०८२।०४।२२ | २०८२।०७।१५ | २०८२।०९।२१ |
| लायन सानुबाबु श्रेष्ठ, जोन ८ | २०८२।०५।०२ | २०८२।०७।२६ | २०८२।१०।१३ |
| लायन ऋषिकेश पुडासैनी, जोन ९ | २०८२।०४।२३ | २०८२।०७।१९ | २०८२।०९।२० |
| लायन शंखनारायण श्रेष्ठ, जोन १० | - | - | - |
| लायन केदार बहादुर कार्की, जोन ११ | २०८२।०४।२३ | २०८२।०७।२१ | २०८२।०९।१७ |
| लायन उदय रजा पैडेल, जोन १२ | २०८२।०४।३० | २०८२।०७।१४ | २०८२।१०।१० |
| लायन बुद्धकृष्ण बजगाई, जोन १३ | २०८२।०४।२८ | २०८२।०७।२५ | - |
| लायन बिनोद गौचन, जोन १४ | २०८२।०४।३१ | २०८२।०७।२० | - |
| लायन दुर्गा बहादुर थापा, जोन १५ | २०८२।०४।२९ | २०८२।०७।१५ | २०८२।१०।१० |
| लायन सुशिला पराजुली बराल, जोन १६ | २०८२।०४।२७ | २०८२।०७।२३ | २०८२।१०।२२ |

**शपथ ग्रहण, पदस्थापन तथा क्लब स्थापना**

| क्र.सं. | मिति | क्लबको नाम | स्थान |
|---|---|---|---|
| १ | २०८२।०४।१९ | लायन्स क्लब अफ काठमाण्डौं मनहरा | होटल चौतारी, नगरकोट |
| २ | २०८२।०४।२३ | लायन्स क्लब अफ काठमाण्डौं आकर्षण | अनुपम फुडल्याण्ड, बत्तिसपुतली |
| ३ | २०८२।०५।०९ | लायन्स क्लब अफ काठमाण्डौं थली | व्यञ्जन पार्टी प्यालेस, थली |
| ४ | २०८२।०५।२१ | एरिया २ अन्तर्गतका ९ वटा लायन्स क्लब र ५ वटा लियो क्लबहरुको संयुक्त रुपमा भएको | छिमेकी पार्टी प्यालेस, गोकर्णेश्वर ५ |
| ५ | २०८२।०६।११ | लायन्स क्लब अफ साँखु, लायन्स क्लब अफ काठमाण्डौं सक्व र लियो क्लब अफ साँखु | समरा गार्डेन, साँखु |
| ६ | २०८२।०६।२५ | लायन्स क्लब अफ काठमाण्डौं डाँफे र लियो क्बल अफ काठमाण्डौं डाँफे | छिमेकी पार्टी प्यालेस, गोकर्णेश्व ५ |
| ७ | २०८२।०६।२५ | लायन्स क्लब अफ काठमाण्डौं योग साधना | छिमेकी पार्टी प्यालेस, गोकर्णेश्व ५ |
| ८ | २०८२।०६।३१ | एरिया ३ अन्तर्गतका २२ वटा लायन्स क्लब र १ लियो क्लबको संयुक्त रुपमा भएको | लालीगुराँस पार्टी प्यालेस, गोकर्णेश्वर ५ |
| ९ | २०८२।०७।०१ | एरिया १ अन्तर्गतका १४ वटा लायन्स क्लबको संयुक्त रुपमा भएको | छिमेकी पार्टी प्यालेस, गोकर्णेश्वर ५ |
| १० | २०८२।०७।२१ | लायन्स क्लब अफ काठमाण्डौं, लियो क्लब अफ काठमाण्डौं सिष्ट र लियो क्लब अफ काठमाण्डौं मिनभवन | एलिस रिसेप्सन, गैरीधारा |
| ११ | २०८२।०७।२५ | लायन्स क्लब अफ काठमाण्डौं रोयल ठमेल (स्पोन्सर क्लब लायन्स क्लब अफ काठमाण्डौं मेल्भीन जोन्स) | नयाँ गठन भएको चार्टर प्रेजेन्टेशन, इण्डक्सन र इन्टलेशन बाँकी रहेको |
| २० | २०८२।०७।२५ | लायन्स क्लब अफ डोल्पा (स्पोन्सर क्लब लायन्स क्लब अफ काठमाण्डौं पध्मश्री) | नयाँ गठन भएको चार्टर प्रेजेन्टेशन, इण्डक्सन र इन्टलेशन बाँकी रहेको |

यो बर्ष हामिले जे जति उपलब्धीहरु हासिल गर्न सक्यौ यो हाम्रो पारदर्शिता र उत्तरदायी भावका साथ गरिएको आम समुदायप्रतिको प्रभावकारी सेवाको परिणाम हो । हामी सेवा गर्छौं भन्ने मूल मर्मलाई आत्मसाथ गर्दै

मानविय सेवाको कार्यमा समर्पित हुन यही जोश, जाँगर र समर्पण कायम राख्दै अगाडी बढ्न सम्पूर्ण लायन तथा लियो साथिहरुलई सफलता मिलोस भन्ने कामनाका साथ शुभकामना व्यक्त गर्दछु ।

अन्त्यमा, डिष्ट्रिक्ट गभर्नरज्यू, भाईस डिष्ट्रिक्ट गभर्नरज्यूहरु, पाष्ट डिष्ट्रिक्ट गभर्नरज्यूहरु, क्लब अफिसर्सज्यूहरु एवम् सम्पूर्ण लायन तथा लियो साथिहरुलाई यहाँहरुको निःस्वार्थ रुपमा डिष्ट्रिक्टको गरिमा बढाउनको लगी पुऱ्याउनु भएको योगदानको लागी हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

धन्यवाद । जय लायनबाद ॥

भवदीय

......................................

लयन बच्चुराम शर्मा कुईकेल
डिष्ट्रिक्ट क्याविनेट सेक्रेटरी
लायन बर्ष २०२५।२६